नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ | अंक ८३ | २०८२ साल कार्तिक १० गते सोमबार (27 Oct 2025 Monday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : छठपर्व : प्रकृतिप्रति आस्था,... ३ पृष्ठमा : जलवायुका कारण ... ३ पृष्ठमा : भारत-चीनबीच पाँच वर्षपछि ...

# संविधान संशोधन गरेर मात्र निर्वाचन गरे उचित हुने : डा. राउत




**दैनिक समाचारदाता**
**राजविराज, ९ कात्तिक ।**

जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले आफ्नो पार्टी निर्वाचनकै पक्षमा रहेपनि संविधान संशोधन गरेर मात्र निर्वाचन गरे उचित हुने सुझाव दिएका छन् ।

प्रेस जनमत संघले आइतबार राजविराजमा गरेको पत्रकार सम्मेलनमा बोल्दै डा. राउतले यस्तो सुझाव दिएका हुन् ।

संविधान संशोधन नगरी निर्वाचनमा जाँदा अहिलेको आन्दोलनले देशमा परिवर्तन नभई मात्र २०८४ मा हुने निर्वाचनको मिति त्यसअघि नै सारेको जस्तो हुने बताए ।

गत भदौं २३ र २४ गते भ्रष्टाचार र सुशासन बिरुद्ध जेनजीले गरेको आन्दोलनका कारण मुलुकमा मात्र सत्ता परिवर्तन भएको उल्लेख गर्दै उनले भने, "अहिलेको निर्वाचन पुरानै ढाँचाको रहेको छ, २०८४ मा हुने निर्वाचनको मिति मात्र फरक भएको हो ।"

जेनजीले उठाएको माग पनि सम्बोधन गर्न संविधान संशोधनमा जोड दिदै डा. राउतले संविधान संशोधन भए मात्र जेनजी पुस्तासहित आदिवासी जनजाती, मुस्लिम, पिछडा वर्ग, मधेशी लगायत सिमान्कृत वर्ग सबैको अधिकार समेत सुनिश्चित हुने विश्वास व्यक्त गरे ।

पछिल्लो पटकको आन्दोलनपछि अहिले जेनजी पुस्ता आफै आधा दर्जन समूहमा तथा राजनीतिक पार्टी पनि विभाजित अवस्थमा पुगेको उल्लेख गर्दै उनले यस्तै अवस्थामा निर्वाचन भए देशको दुई वटा पार्टी मिली चुनाव लडे फेरी सत्ता उनीहरुकै हातमा पुग्ने आशंका व्यक्त गरे ।

विगतमा मलुकमा विभिन्न सरकार बिदेशिकै इसारमा ढल्ने र बन्ने गरेको आरोप समेत लगाउँदै डा. राउतले आफ्नो पार्टी पनि सोही इसारामा विभाजन भएको इंगित गरे । वर्तमान संविधानमा व्यापक त्रृटी रहेको दाबी गर्दै डा. राउतले यसलाई संशोधन गर्नुपर्नेमा जोड समेत दिए ।

गत चुनावमा जनमत पार्टीले १० लाख युवालाई रोजगार दिने एजेन्डाप्रति संचारकर्मीहरुले सोधेको जवाफमा उनले भने, "यो एजेन्डा पुरा गर्न जनमत पार्टी लागिपरेको छ, यसमा केही समय लाग्न सक्छ तर, जनतासँग गरिएको वाचा पुरा गर्न आगामी निर्वाचनमा पनि यही एजेन्डा लिएर हामी अगाडी बढ्छौं ।"

# थप दुई मन्त्रीले लिए सपथ

**दैनिक समाचारदाता**
**काठमाडौं, ९ कात्तिक ।**

नवनियुक्त दुई मन्त्रीहरुले आइतबार पद तथा गोपनियताको सपथ लिएका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति कार्यालय, शीतलनिवासमा आयोजित विशेष समारोहमा नवनियुक्त स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा गौतम र युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले सपथ लिएका हुन् ।

डा गौतम स्वास्थ्य मन्त्रालयका पूर्वसचिव हुन भने गुप्ता जेनजी आन्दोलनका अगुवा हुन । प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा उनीहरुलाई राष्ट्रपति पौडेलले आइतबार नियुक्ति गरेका हुन् ।

गत भदौ २७ गते गठित मौजुदा मन्त्रिपरिषद्को सङ्ख्या आइतबारको विस्तारसँगै १० पुगेको छ । यसअघि गत भदौ ३० र असोज ६ गते मन्त्रिपरिषद् विस्तार भएको थियो ।

# सबल नेपालको २० औं साधारणसभा सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, ९ कात्तिक ।**

सबल नेपालले २० औं साधारणसभा सम्पन्न गरेको छ । बि.स. २०६२ साल कात्तिक ७ गते स्थापना भएको सबल नेपालले राजविराजमा २१ औं स्थापना दिवससंगै २० औं साधारणसभाको आयोजना गरेको हो ।

कार्यक्रममा सबल नेपालका अध्यक्ष जुना गिरीले आर्थिक बर्ष २०८१/०८२ को बार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरिन । प्रस्तुत प्रतिवेदनमा खानेपानी सरसफाई, समानताका लागि क्रिकेट, बिपद ब्यबस्थापन कार्यक्रम, सभब्य समाज निर्माण, सुचना तथा संचारको बिकास जस्ता परियोजनाहरू संचालनमा रहेको उल्लेख छ ।

"जकर घरमे चर्पी नहि तकर घरमे शादी नहि" भन्ने मुल नाराका साथ चर्पी निर्माण तथा सरसफाई अभियानमा महत्वपूर्ण भूमिका निर्वाह गरेका संस्थाले समुदायको स्तरोन्तीको लागि स्वच्छता एवं सरसफाई सँगै पोषण, शिक्षा, स्वास्थ्य, महिला क्रिकेटको बिकास लगायतका क्षेत्रमा संस्थाले कार्य गर्दै आएको छ ।




जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिव नारायण साहको प्रमुख आतिथ्य तथा सबल नेपालका अध्यक्ष जुना गिरीको अध्यक्षतामा आयोजित स्थापना दिवसमा तिलाठी कोईलाडी गाउपालिका बिपत ब्यवस्थापन अधिकृत राजेश झा, संस्थाका निर्देशक दिपक कुमार झा, सबल नेपालका सदस्य तारा कटुवाल, पत्रकार चन्दनकुमार यादव, सिनियर म्यानेजर अशोक साह, परमेश्वर झा लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए भने संस्थाका कोषाध्यक्ष आयुष श्रेष्ठले कार्यक्रमको संचालन गरेका थिए ।

# आज अस्ताउँदो सूर्यलाई अर्घ दिइदै

**दैनिक समाचारदाता**
**राजविराज, ९ कात्तिक ।**

लोक आस्थाको पर्व छठ अन्तरगत आज अस्ताउँदो सूर्यलाई अर्घ दिइदै छ ।

चार दिनसम्म मनाइने यस पर्वको पहिलो दिन अरबा-अरबाइन (नहाय खाय), दोस्रो दिन खरना, तेस्रो दिन बेलुकी अस्ताउन लागेको र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ दिई पूजा गरिन्छ ।

राजविराजस्थित भगवति मन्दिरको पोखरी, कल्टु दास पोखरी, पूर्णी पोखरी, सकलदेव दास पोखरी, तुरन्ती पोखरी तथा जिल्लाको कंचनपुर, भारदह, हनुमाननगर, रुपनी, कल्याणपुर सहितको दर्जनौ ठाउँमा घाट बनाएर जलाशयलाई भव्यतापूर्वक पूजापाठका लागि तयारी गरिदै छ ।

निर्धनता र निःसन्तानबाट मुक्ति पाउन एवम् मानव जातिको उत्थान गर्न र अरोग्यका लागि यो पर्व मनाउने गरिन्छ । सूर्यको आराधनाबाट चर्मरोग निको हुने, सन्तान र धनलाभ हुने जनविश्वास छ । आरोग्य र दीर्घायुसँग जोडिएको छठ पर्व मनाउनुको पछाडी धार्मिक मान्यतासँगै वैज्ञानिक र ज्योतिषसम्बन्धी तथ्यहरू पनि पाइन्छ ।

संघीय सरकारले छठ पर्वको अवसरमा आज सार्वजनिक विदा दिएको छ भने मधेश प्रदेश सरकारले यस पर्वको अवसरमा सोमबार र मंगलबार गरि दुई दिन सार्वजनिक विदा दिएको छ ।

**जुवातासले गर्छ सर्वनाश**

जुवातासको लतले,
- पारिवारिक कलह, झै-झगडा हुने गर्छ,
- सामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,
- सम्पत्तिको नाश र परिवारको बिचल्ली हुन सक्छ,
- सामाजिक र आर्थिक संकट उत्पन्न हुन्छ,
- पारिवारिक विखण्डनको सम्भावना बढ्छ,
- सन्ततिहरू कुलतमा फस्न सक्छन्,
- सामाजिक प्रतिष्ठामा आँच आउछ,

जुवातास खेल्नु/खेलाउनु कानून विपरीत भएकोले नखेलौं/नखेलाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड

# कुनै पनि माग वार्ता र संवादमार्फत समाधान खोज्न गृह मन्त्रालयको अनुरोध

काठमाडौँ, ९ कात्तिक (रासस)।

गृह मन्त्रालयले कुनै पनि माग वार्ता र संवादमार्फत समाधार खोज्न सबैमा अनुरोध गरेको छ। मन्त्रालयका प्रवक्ता एवं सहसचिव आनन्द काफ्लेले हाल सामाजिक सञ्जालमार्फत विभिन्न व्यक्ति तथा समूहका नाममा धर्ना, जुलुस, विरोध प्रदर्शनलगायत आन्दोलनका कार्यक्रमहरू सार्वजनिक भएरहेको विषयमा गृह मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै सबैका जायज माग, चासो एवम् सरोकारलाई सम्बोधन गर्न सरकार गम्भीर रहेको स्पष्ट पार्नुभएको छ।

उहाँले शनिबार एक विज्ञप्ति जारी गरी भन्नुभएको छ, "यस्ता धर्ना, जुलुस, प्रदर्शन, आन्दोलनलगायत कार्यक्रमहरू नगरी वार्ता र संवादका माध्यमबाट कुनै पनि मागको विधिसम्मत समाधान खोज्न सबैमा हार्दिक अनुरोध छ।"

जेनजीपुस्ताको अगुवाइमा भएको प्रदर्शनपश्चात् गठन भएको वर्तमान सरकार आगामी फागुन २१ गतेका लागि तय भएको निर्वाचनको वातावरण बनाउनेतर्फ क्रियाशील रहेको स्मरण गराउँदै मन्त्रालयका प्रवक्ता काफ्लेले सोही अनुसार सरकारले निर्वाचनसम्बन्धी कानुनमा संशोधन, स्रोत र साधनको व्यवस्थापन, राजनीतिक दल तथा सरोकार भएकाहरूसँग वार्ता र संवाद गरिरहेको जानकारी दिनुभयो।

देशमा शान्तिसुरक्षा कायम गर्दै घोषित मितिमा स्वच्छ, निष्पक्ष एवम् भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सबैको योगदान महत्त्वपूर्ण र भूमिका अपरिहार्य रहेको भन्दै सोहीबमोजिमको भूमिका र दायित्व अनुसार सहकार्य र समन्वय आवश्यक पर्नेमा उहाँले जोड दिनुभयो।

मन्त्रालयद्वारा शनिबार जारी विज्ञप्तिमा भनिएको छ, "गत भदौ २३ र २४ गतेको प्रदर्शनपश्चात्, सार्वजनिक सेवा पुनः सञ्चालन गर्नाका साथै क्षतिग्रस्त संरचनाको पुनर्निर्माण प्रक्रिया आरम्भ गरी शान्तिसुरक्षाको अवस्था सामान्य हुँदै जानुका साथै सरकारले निर्वाचन केन्द्रित वातावरण निर्माण गरिरहेको छ। हाल सामाजिक सञ्जालमार्फत विभिन्न व्यक्ति तथा समूहका नाममा धर्ना, जुलुस, विरोध प्रदर्शनलगायत आन्दोलनका कार्यक्रमहरू सार्वजनिक भएको विषयमा गृह मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।"

देशमा अस्थिरता निम्त्याउन खोज्ने स्वार्थ समूहले यस्ता कार्यक्रममा घुसपैठ गरी अशान्ति एवम् अराजकता निम्त्याउन सक्ने हुँदा त्यसतर्फ आयोजकहरूसमेत सचेत हुनुपर्नेतर्फ मन्त्रालयले ध्यानाकर्षण गराएको छ। आफ्ना माग राख्दा जनताको शान्तिपूर्वक बाँच्न पाउने, निर्बाध सार्वजनिक सेवा प्राप्त गर्ने, निर्वाचनमा भाग लिन पाउनेलगायत हकअधिकार कुण्ठित हुन नदिन र सार्वजनिक सुरक्षा साथै राष्ट्रिय सुरक्षा खलल हुन नदिई मुलुकमा साम्प्रदायिक सद्भाव कायम राख्दै राष्ट्रिय हितको प्रवर्द्धन गर्ने कार्यमा योगदान गर्न मन्त्रालयले सबैमा अनुरोध गरेको छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
वरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# छठपर्व : प्रकृतिप्रति आस्था, श्रद्धा र आत्मशुद्धिको पर्व

**डा शोभाकर पराजुली**

काठमाडौँ, ९ कात्तिक (रासस)।

छठपर्व हिन्दूधर्मका सबैभन्दा पवित्र र अनुशासित पर्वमध्ये एक मानिन्छ, जसलाई सूर्यदेव र छठी माईको आराधनाका रूपमा अत्यन्त श्रद्धा र भक्ति भावले मनाइन्छ। नेपालको तराई क्षेत्रमा बसोबास गर्ने मैथिल, भोजपुरिया, थारु तथा अन्य समुदायका साथै भारतका विहार, झारखण्ड, उत्तर प्रदेश, पश्चिम बङ्गाल र दिल्लीमा यो पर्वको ठूलो महत्व छ। यस पर्वमा लाखौँ भक्तजनले नदी, तलाउ वा पोखरीको किनारमा शुद्ध मनले सूर्यदेवलाई अर्घ्य अर्पण गर्छन् र परिवार, समाज र प्रकृतिप्रतिको कृतज्ञता प्रकट गर्छन्। पछिल्ला वर्षमा राजधानी काठमाडौँसहित देशका अन्य सहरमा पनि छठ पर्वको प्रचलन तीव्र रूपमा बढ्दै गएको छ। सहरमा पनि श्रद्धालुहरूले जलाशय सफा गरी सामूहिक रूपमा पूजा-अर्चना गर्ने परम्परा स्थापित गरेका छन्।

छठ केवल धार्मिक अनुष्ठान मात्र होइन, यो मानव र प्रकृतिबीचको सन्तुलन, आत्मसंयम, शुद्धता र आत्मनिष्ठाको अद्भूत अभिव्यक्ति हो, जसले जीवनलाई अनुशासन, कृतज्ञता र सहअस्तित्वको बाटोमा अग्रसर गराउँछ। छठ पर्वको केन्द्रीय तत्व सूर्य उपासना हो, जसले मानव जीवनमा प्रकृतिको अविभाज्य भूमिकाको स्मरण गराउँछ। प्राचीनकालदेखि नै सूर्यलाई जीवन, ऊर्जा, प्रकाश र सृष्टिको मूल स्रोतका रूपमा सम्मान गरिँदै आएको छ। वैदिक ग्रन्थहरूमा सूर्यलाई 'सविता', 'मित्र', 'अदित्य', 'भास्कर' र 'रवि' जस्ता नामले सम्बोधन गरिएको पाइन्छ, जसले सूर्यको दैवी स्वरूप र आध्यात्मिक महत्त्व उजागर गर्छ। सूर्य उपासनाद्वारा शरीर, मन र आत्मा शुद्ध हुने विश्वास रहिआएको छ, जसले आध्यात्मिक अनुशासन र आन्तरिक सन्तुलनको मार्गप्रशस्त गर्छ।

छठपर्वको विशेषता यसको कठोर अनुशासन, आस्था र प्राकृतिक समरसतामा नीहित छ। यस अवसरमा महिला विशेषतः निराहार, जलाहार र कठोर ब्रत ग्रहण गरेर अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्छन्। यो प्रक्रिया केवल धार्मिक विधि मात्र नभई आत्मसंयम, धैर्य र श्रद्धाको प्रतीक हो, जसले मानव र प्रकृतिबीचको सन्तुलनलाई पुनःस्थापित गर्छ। छठ पर्वले शुद्धता, भक्ति र निष्ठाका माध्यमबाट जीवनमा आध्यात्मिक ऊर्जाको प्रवाह गराउँछ र मानिसलाई प्रकृतिसँगको अन्तरसम्बन्ध बुझ्न प्रेरित गर्छ।

**ऐतिहासिक पृष्ठभूमि**

छठपर्वको ऐतिहासिक पृष्ठभूमि अत्यन्त गहिरो, रोचक र प्रतीकात्मक छ, जसले यसको धार्मिक, सांस्कृतिक र आध्यात्मिक मूललाई स्पष्ट रूपले उजागर गर्छ। वैदिक ग्रन्थहरूका अनुसार राजा प्रियव्रतकी पत्नी मालिनी सन्तान नहुँदा अत्यन्त दुःखी भइन्। सन्तान प्राप्तिको आकाङ्क्षामा उनले कठोर तपस्या गरिन् र छठी देवीको कृपाले पुत्र प्राप्त भएको विश्वास रहिआएको छ। त्यस क्षणदेखि नै छठी देवीको आराधनाको परम्परा प्रारम्भ भएको जनश्रुति पाइन्छ। यो कथा मातृत्व, श्रद्धा, आस्था र भक्तिको प्रतीकका रूपमा मानिन्छ, जसले स्त्रीशक्तिको आत्मबल र सहनशीलताको गहिरो सन्देश दिन्छ। अर्को पौराणिक कथाअनुसार रामायणकालमा भगवान् श्रीराम र माता सीताले चौध वर्षको वनवास पूरा गरी अयोध्या फर्किएपछि सूर्यदेवको आराधना गरी राज्यारोहणका अवसरमा छठ पर्व मनाएको उल्लेख पाइन्छ। यस घटनाले छठ पर्वलाई धर्म, कर्तव्य र शुद्धताको प्रतीकका रूपमा प्रतिष्ठित गरेको छ।

त्यसैगरी, महाभारतकालमा कुन्ती र द्रौपदीले पनि छठी माईको कठोर व्रत गरी सन्तान, समृद्धि र विजयको आशीर्वाद प्राप्त गरेको जनविश्वास पाइन्छ। यी सबै आख्यानहरूले छठ पर्वलाई केबल पूजा वा विधिको सीमामा सीमित नराखी जीवन, परिवार र प्रकृतिप्रतिको कृतज्ञताको अमर अभिव्यक्ति बनाएका छन्। यस पर्वमा मानव र दैवी शक्तिबीचको सम्बन्धलाई पुनःस्थापित गर्ने गहिरो आध्यात्मिक दृष्टिकोण पाइन्छ, जहाँ सूर्यदेव र छठी माईको आराधना केबल धार्मिक कर्म नभई आत्मशुद्धि, विश्वास र सकारात्मक ऊर्जासँगको एकाकारता हो। यही कारण छठ पर्व हजारौँ वर्ष पुरानो भए पनि आज पनि समान श्रद्धा र अनुशासनका साथ मनाइन्छ, जसले हाम्रो संस्कृतिको निरन्तरता, निष्ठा र सामूहिक आस्थाको उज्यालो पहिचान दिलाउँछ।

**संस्कृति र सभ्यताको पाटो**

छठपर्व हिन्दू संस्कृति र सभ्यताको एउटा महत्वपूर्ण अङ्ग हो, जसले धार्मिक आस्था, प्राकृतिक श्रद्धा र आत्मसंयमको अद्भूत सङ्गम प्रस्तुत गर्छ। यो पर्व कार्तिक शुक्ल चतुर्थीदेखि सुरु भई सप्तमीसम्म अर्थात् चार दिनसम्म अत्यन्त विधिपूर्वक मनाइन्छ। यस पर्वको प्रत्येक दिनलाई विशेष अर्थ र अनुशासनसँग जोडिएको पाइन्छ, जसले मानिसलाई शारीरिक शुद्धता, मानसिक सन्तुलन र आध्यात्मिक पवित्रताको बाटोमा उन्मुख गराउँछ। पहिलो दिनलाई 'नहाय-खाय' भनिन्छ, जसको अर्थ नै नुहाएर पवित्रता ग्रहण गरी शुद्ध भोजन गर्ने हो। यसदिन व्रती अर्थात् ब्रत लिने महिला वा पुरुषले बिहानै उठेर नुहाउँछन्, घरको सफाइ गरी वातावरण पवित्र बनाउँछन् र खाना पकाउँदा अत्यन्त स्वच्छता पालन गर्छन्। छठको पहिलो दिनको भोजन पूर्ण रूपमा शुद्ध र निष्कलङ्क हुन्छ, यसमा अरू कसैले हात नलागेको अन्न प्रयोग गरिन्छ र खाना नुनरहित हुन्छ।

सामान्यतया व्रतीहरूले अरवा चामल र कद्दुको तरकारी ग्रहण गर्छन्। यो प्रक्रिया केबल धार्मिक विधि मात्र होइन, शुद्धता र आत्मसंयमको प्रारम्भिक अभ्यास हो, जसले व्रतीलाई आगामी कठिन ब्रतका लागि मानसिक र शारीरिक रूपमा तयार बनाउँछ। दोस्रो दिनलाई 'खरना' भनिन्छ, जसको अर्थ हो 'विशेष साझा भोजन'। यस दिन व्रतीले बिहानदेखि साँझसम्म केही पनि खाने वा पिउने गर्दैनन्। पूर्ण उपवासमा रहँदै उनीहरू सूर्य अस्ताउने बेला जलाशयको किनारमा पुग्छन् र सूर्यलाई अर्घ्य अर्पण गरी व्रतको दोस्रो चरण आरम्भ गर्छन्। खरनाको अवसरमा तयार पारिने प्रसाद अत्यन्त पवित्र मानिन्छ, दूध, गुड, चिउरा, पिठो, घिउ र पकवानबाट बनेको विशेष परिकार तयार गरिन्छ। यस दिनको व्रत कठोर भए तापनि साँझ सूर्यास्तपछि व्रतीले श्रद्धापूर्वक प्रसाद ग्रहण गर्छन्, जसले आध्यात्मिक शान्ति र तृप्तिको अनुभव गराउँछ। खरनाको प्रसाद ग्रहण गरेपछि परिवारका अन्य सदस्यहरू, छिमेकी र आफन्तहरू पनि सो प्रसाद ग्रहण गरी शुभकामना साटासाट गर्छन्, जसले पारिवारिक सद्भाव, सहकार्य र एकताको वातावरण सिर्जना गर्छ।

तेस्रो दिनलाई छठ पर्वको सबैभन्दा महत्वपूर्ण र भव्य दिन मानिन्छ, जसलाई 'सन्ध्या अर्घ्य' वा 'साँझको अर्घ्य' भनिन्छ। यस दिन व्रती महिलाहरू वा पुरुषहरूले बिहानैदेखि अन्न-जल त्याग गरी पूर्ण उपवासमा रहन्छन् र केवल भक्ति, साधना र ध्यानमा लीन हुन्छन्। साँझ पर्नासाथ जब सूर्य अस्ताउन लाग्छ, त्यही बेला व्रतीहरू नदी, पोखरी, तलाउ वा कुनै पनि पवित्र जलाशयमा पुग्छन्। हातमा बाँसको डोको वा सुपमा विभिन्न प्रकारका प्रसादहरू जस्तै दूध, जल, कमलका फूल, ठेकुवा, थियोरा, सखर, केरा, डाबर, अदुवा आदि सपरिएर सूर्यदेवलाई अर्घ्य अर्पण गरिन्छ। यो क्षण अत्यन्त भावनात्मक, आध्यात्मिक र भव्य हुन्छ, जसमा श्रद्धा, भक्ति र समर्पणको गहिरो अनुभूति हुन्छ। जलाशयको किनारमा सयौँ दियो बालिन्छन्, रङ्गीन तोरण र बत्तीहरूले पूरै वातावरण उज्यालो हुन्छ, र भक्तजनहरूको भीडबाट निस्कने 'जय छठी माई' का जयघोषहरूले आकाश गुञ्जायमान हुन्छ। महिलाहरू परम्परागत पहिरनमा सुसज्जित भएर अर्घ्य दिने क्रममा जलमा अडिन्छन् र सूर्यलाई हात जोडी आराधना गर्छन्। यो क्षण केवल पूजा मात्र होइन, आत्मशुद्धि र प्रकृतिप्रतिको गहिरो कृतज्ञताको प्रतीक हो। यस दिनको वातावरणले मानिसलाई जीवन र प्रकृतिबीचको सम्बन्धबारे आत्मचिन्तन गर्न प्रेरित गर्छ।

चौथो दिन बिहान सबेरै 'उषाकालीन अर्घ्य' अर्थात् उदाउँदो सूर्यलाई अर्घ्य दिने विधि सम्पन्न गरिन्छ। यस दिन व्रतीहरू पुनःनदी, पोखरी वा तलाउमा पुग्छन् र उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्छन्। यो क्षण सृष्टिको पुनर्जागरण र नयाँ ऊर्जाको प्रतीकका रूपमा मनाइन्छ। जब पहिलो सूर्यकिरण जलाशयमा पर्छ, व्रतीहरूले आफ्ना हातहरू जलमा डुबाएर अर्घ्य चढाउँछन् र परिवारका सन्तान, स्वास्थ्य, समृद्धि, शान्ति र दीर्घायुका लागि प्रार्थना गर्छन्। यस क्षण व्रतीहरूको अनुहारमा देखिने आध्यात्मिक तेज र भक्ति भावना अद्वितीय हुन्छ। अर्घ्य दिएपछि घर फर्केर पूजा सम्पन्न गरिन्छ र 'पारण' अर्थात् ब्रत तोड्ने प्रक्रिया गरिन्छ। पारणका बेला व्रतीले पहिलोपटक केही खाने अनुमति पाउँछन्, र त्यसपछि घरका सबै सदस्यहरू, आफन्त र छिमेकीहरूलाई प्रसाद बाँडिन्छ। यसरी चार दिनसम्म निरन्तर अनुशासन, पवित्रता र संयमपूर्वक मनाइने छठ पर्व धार्मिक भक्ति मात्र होइन, जीवनमा अनुशासन, स्वच्छता, आस्था र आत्मसंयमको प्रशिक्षण पनि हो।

यस पर्वले मानिसलाई प्रकृतिसँग सन्तुलनमा बस्न सिकाउँछ, संयम र धैर्यका गुण विकसित गर्छ र परिवार तथा समाजमा एकता र सद्भाव बढाउँछ। छठ पर्वको हरेक दिन, हरेक चरण र हरेक अनुष्ठानमा आध्यात्मिक दर्शन र वैज्ञानिक औचित्य निहित छ, जसले यो पर्वलाई अन्य पर्वभन्दा विशिष्ट बनाएको छ। यसरी चार दिनसम्म चल्ने छठ पर्वले मानव जीवनमा श्रद्धा, अनुशासन र आत्मशुद्धिको गहिरो सन्देश दिन्छ, जहाँ सूर्यलाई अर्घ्य अर्पण गर्नु भनेको केवल देवताको आराधना होइन, जीवनदात्री प्रकृतिप्रति कृतज्ञता प्रकट गर्नु हो, र यही आस्थाले छठ पर्वलाई युगौँदेखि जीवित र प्रेरणादायी बनाइरहेको छ।

**सूर्य र प्रकृतिको सम्बन्ध**

छठ पर्व मनाउने मुख्य कारण सूर्य र प्रकृतिप्रतिको गहिरो आस्था हो। सूर्य मानव जीवनको आधार, ऊर्जा, ताप र प्रकाशको अनन्त स्रोत हो, जसको बिना पृथ्वीमा जीवनको अस्तित्व असम्भव हुन्छ। जल, वायु, अग्नि, पृथ्वी र आकाश–यी पाँच तत्वहरूमा सूर्यको प्रत्यक्ष प्रभाव रहने भएकाले सूर्यको आराधना गर्नु भनेको सम्पूर्ण सृष्टिप्रति कृतज्ञता प्रकट गर्नु हो। छठ पर्व यही भावनाको सर्वोच्च प्रतीक हो, जसमा व्यक्ति आफ्नो आत्मालाई शुद्ध गर्दै प्रकृतिसँग आत्मिक सम्बन्ध स्थापित गर्छ। यो पर्व आत्मसंयम, शुद्धता र समर्पणको माध्यम हो, जसले व्यक्ति र विश्वबीचको सन्तुलन कायम राख्ने सन्देश दिन्छ।

धार्मिक दृष्टिले, छठ पर्वमा नशा, क्रोध, लोभ, राग, द्वेष र अहंकार त्यागेर आत्मशुद्धिको अभ्यास गरिन्छ। वैज्ञानिक दृष्टिले पनि यसको गहिरो औचित्य छ। सूर्यको किरणले शरीरमा विटामिनडी उत्पादन गर्छ, जसले हड्डीलाई बलियो र रोगप्रतिकारक शक्ति सुदृढ बनाउँछ। बिहान र साँझको समयमा सूर्यको किरण तुलनात्मक रूपमा कोमल हुने भएकाले त्यस समयमा अर्घ्य दिने स्वास्थ्यकर मानिन्छ। जलाशयको किनारमा बसेर ध्यानपूर्वक अर्घ्य दिने परम्परा वास्तवमा ध्यान र योगको रूप हो। उपवास र निराहार रहँदा शरीरको पाचन प्रणालीलाई विश्राम मिल्छ र विषाक्त पदार्थ निष्कासित हुन्छ, जसले शरीर र मन दुवैलाई सन्तुलित बनाउँछ।

छठ पर्वको अर्को विशेषता सामाजिक एकता, समानता र सहअस्तित्व हो। यो पर्व जात, धर्म, वर्ग, भाषा वा लिङ्गको विभाजनभन्दा पर उठेर सबैलाई एउटै सूत्रमा बाँध्छ। गाउँदेखि सहरसम्म, सबै मानिस एउटै घाटमा पुगेर सूर्यलाई अर्घ्य

*बाँकी तीन पृष्ठमा*

# जलवायुका कारण सगरमाथा हिमक्षेत्र उच्च जोखिममा

**भीष्मराज ओझा**
काठमाडौँ, ९ कात्तिक (रासस)।

पछिल्लो अध्ययनले जलवायु परिवर्तनको बढ्दो प्रभावका कारण हिन्दुकुश हिमालय क्षेत्रमा हिमताल विष्फोटन, हिमपहिरो तथा छिटो हिउँ पग्लने जोखिम बढेको देखाएको छ।

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)ले गरेको 'थामे उपत्यका हिमताल विष्फोटन बाढीको कारण, प्रभाव, र भविष्यका जोखिम' नामक अध्ययनमा उक्त क्षेत्रमा प्रत्येक दश वर्षमा औसत ०.२८ डिग्री सेल्सियसले तापक्रम बढिरहेको उल्लेख छ। उक्त अध्ययन ईसिमोडका जोखिम विशेषज्ञहरू सुदनविकास महर्जन, तेन्जिङ छोग्याल शेर्पा र अरुणभक्त श्रेष्ठले गर्नुभएको हो।

अध्ययनले जलवायु परिवर्तनका कारण सगरमाथा क्षेत्रले अभूतपूर्व हिमनदीको पग्लिने दर बढ्नेजस्ता समस्या भोगिरहेको देखाएको छ। यो दर पछिल्ला दशकमा पहिलेको तुलनामा ६५ प्रतिशतले बढेको देखिन्छ। द्रुत हिमनदीको प्रभावका कारण अमू दरिया, सिन्धु, गङ्गा, ब्रह्मपुत्र र इरावदी बेसिनका २५ हजारभन्दा बढी हिमताल वृद्धि भइरहेको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

सोलुखुम्बुको थामे क्षेत्रमा गत वर्ष भएको हिमताल विष्फोटनको बाढी सम्बन्धमा गरिएको उक्त अध्ययनले सो पुष्टि गरेको हो। भूगर्भीय र भूआकृतिक कारकहरूको विनाशकारी, जटिल र श्रृङ्खलाबद्ध असरले सो क्षेत्रमा हिमताल विष्फोटन बाढीको शक्तिलाई बढाइदिएको अध्ययनमा उल्लेख छ।

इसिमोडको अध्ययनका एक लेखक 'रिमोट सेन्सिङ विश्लेषक' सुदन विकास महर्जनले हिन्दुकुश हिमालयमा २५ हजारभन्दा बढी हिमताल रहेका र थामे घटनाले तुलनात्मक रूपमा साना तालबाट पनि हुने जोखिम बुझ्न र रोक्नका लागि धेरै प्रयास गर्न आवश्यक छ भन्ने देखाएको उल्लेख गर्नुभयो। अध्ययनमा जलवायु परिवर्तनका कारण थामेमा विनाशकारी क्षति पुगेको उल्लेख छ।

अध्ययनले चार हजार नौ सय मिटर उचाइमा रहेको हिमतालमा ठूलो चट्टान खस्दा बाँध भत्किएर एक लाख ५६ हजार घन मिटर पानी बाहिरिएको देखाएको छ। उक्त पानी १२० मिटर तल रहेको अर्को तालमा खस्दा तालमा २२ मिटर अग्लो र ५१ मिटर चौडा प्वाल परेको थियो। त्यसले थप तीन लाख तीन हजार घनमिटर पानी बाहिरिएको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

दुवै तालमा भएको पानी एक साथ बग्दा पानीको बहाव अत्यन्तै तीव्रभएको र त्यसले ठूला ढुङ्गासहितका भग्नावशेषलाई ८० किलोमिटर तलसम्म बगाएर लगेको थियो। त्यसपछि उत्पन्न बाढीले आफ्नो बाटोमा पर्ने नदी किनारमा क्षति गरेको थियो।

नदीको प्राकृतिक रूपमा साँघुरिएको भाग र अस्थायी रूपमा जम्मा भएको बाढीको पानी बगेर जाँदा बाढीले ठूलो रुप लिएको थियो। "यसले गर्दा ठूलो क्षति भएको, थामे गाउँ नजिकको करिब आधा किलोमिटर चौडा उपत्यका भग्नावशेषहरुले भरिएको थियो।"

बाढीले निजी घर, एउटा विद्यालय, स्वास्थ्य चौकी, पुल र एउटा जलविद्युत् आयोजनालाई क्षति पुर्‍याएको थियो। उक्त घटना दिउँसो भएकाले र पानी जम्मा भएको कारण बाढी चरणबद्ध रूपमा आएकाले मानवीय क्षति हुन नपाएको प्रतिवेदनमा उल्लेख छ। उक्त विपद्ले १३५ व्यक्ति विस्थापित र २५ घर नष्ट भएका थिए।

नेपालमा सन् १९२० को दशकदेखि यता ९० भन्दा बढी हिमताल विष्फोटन भइसकेका छन्। जसमध्ये सगरमाथा क्षेत्रमा मात्रै ५० वर्षभन्दा कम अवधिमा पाँचवटा यस्ता ठूला घटना भइसकेका छन्।

हिमताल विष्फोटन बाढी उच्च हिमाली क्षेत्रमा सबैभन्दा विनाशकारी र प्रमुख खतरामध्ये पर्दछन्। केही घण्टाभित्रै लाखौँ घन मिटर पानी र भग्नावशेष छोड्न सक्ने क्षमता भएका यस्ता घट्नाले तल्लो तटीय क्षेत्रमा विनाशकारी क्षति पुर्याउँछन्।

अध्ययनका सहलेखक इमिमोडका हिम विश्लेषक तेन्जिङ छोग्याल शेर्पाले जलवायुका अति गम्भीर घटना बढ्दै जाँदा, थामे जस्ता बाढीका घट्ना एउटा कठोर सम्झना र आत्म-चिन्तनको क्षण भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "यसले पहाडी समुदायहरूले कसरी जलवायु-प्रेरित विपत्तिहरुको चपेटा सहिरहेका छन् भन्ने देखाउँछ। यस्ता अध्ययनले जलवायु परिवर्तनका वास्तविकताहरू बुझ्न सहयोग गर्छ।"

इसिमोडका वरिष्ठ सल्लाहकार तथा अध्ययनका सहलेखक अरुणभक्त श्रेष्ठले थामे घटनाले हिन्दुकुश हिमालय क्षेत्रमा विश्वको तुलनामा झन्डै तीन गुणाले तापक्रम वृद्धि भइरहेकाले यस क्षेत्रका हिमनदीमा खतरा बढ्दै गएको बताउनुभयो। "पछिल्ला दुई वर्षमा मात्रै, हामीले यस क्षेत्रमा हिमताल विष्फोटन बाढीसहित धेरै उच्च हिमाली खतराहरू देखेका छौँ, त्यसैले अब यस क्षेत्रमा वास्तविक सूचना तत्काल सुदृढ गर्न थप बाढी र मौसम पूर्वानुमान स्टेसन स्थापना र भविष्यमा हुनसक्ने घट्नाबाट हुने क्षति घटाउन ईन्जिनियरिङ संरचना, जस्तै नदीकिनार सुरक्षणसम्बन्धी काम गर्न आवश्यक छ", उहाँले भन्नुभयो।

थामे घटनाले हिमवत क्षेत्र र विपद-सम्बन्धित घटना बुझ्न र भविष्यमा कार्यान्वयन योग्य नीति निर्माणका लागि पाठ सिकाएको छ। हालसालै, यस क्षेत्रमा 'बिल्डिङ एडप्टेसन एण्ड रेजिलेन्स इन द हिन्दु कुश हिमालयज' परियोजनाले विपद्को लागत र जोखिम घटाउनेमा ध्यान केन्द्रित गरेको छ।

## छठपर्व :...

दिन्छन्। त्यस क्षणमा कुनै भेदभाव हुँदैन-धनी वा गरिब, उच्च वा नीच, सबै एउटै पानीमा उभिएर समान श्रद्धा व्यक्त गर्छन्। यसले सामूहिक सद्भाव, सहकार्य र सामाजिक बन्धनलाई बलियो बनाउँछ। छठ पर्वले "सबै धर्म र जातका मानिसहरू एउटै आकाश मुनि समान रूपमा प्रकृतिको पूजा गर्न सक्छन्" भन्ने सार्वभौमिक सन्देश दिन्छ। यसै कारण यो पर्वले समुदायबीच पारस्परिक सम्मान र सद्भाव बढाउने काम गरेको छ। छठ पर्वको तयारी स्वयंमा सामूहिक प्रयासको उत्कृष्ट उदाहरण हो-घर सफा गर्ने, घाट सजाउने, बाटोमा दियो बाल्ने, प्रसाद तयार गर्ने सबै कार्य सामूहिक रूपमा गरिन्छ। यसले सामाजिक सहभागिता र पारिवारिक सहकार्यको भावना जगाउँछ।

छठ पर्वमा तयार गरिने प्रसादहरूको पनि गहिरो सांकेतिक अर्थ छ। ठेकुवा, थियोरा, मालपुवा, केरा, गुड, सातु, डाबर, गहुँ र चिउरा जस्ता प्राकृतिक वस्तुहरू प्रयोग गरिन्छ, जसले शुद्धता र स्वावलम्बनको सन्देश दिन्छ। यी सबै वस्तुहरू स्थानीय रूपमा उत्पादन गरिन्छन्, जसले ग्रामीण अर्थतन्त्रलाई पनि सहयोग पुर्‍याउँछ। बाँसका डोका, सुप, माटाका कलश र ढकनी प्रयोग गरिन्छ, जसले वातावरणमैत्री जीवनशैलीलाई प्रोत्साहन दिन्छ। यसरी छठ पर्व केवल धार्मिक नभई आर्थिक र पर्यावरणीय दृष्टिले पनि सन्तुलित परम्परा हो।

सांस्कृतिक रूपमा यो पर्व लोकगीत, नृत्य र भक्ति भावनाले भरिएको हुन्छ। मैथिली, भोजपुरी, थारु र अवधी भाषामा रचिएका छठ गीतहरूले वातावरणलाई भक्ति र मातृत्वको भावनाले ओतप्रोत बनाउँछ। 'उग हो सुरज देव' जस्ता गीतहरूले मानव र प्रकृतिबीचको सम्बन्धलाई काव्यात्मक ढङ्गले व्यक्त गर्छन्। महिलाहरू रातो साडी, सिन्दुर, पातलो टीका र परम्परागत गहनामा सुसज्जित भएर पूजा गर्छन्, जसले मातृत्व र श्रद्धाको सौन्दर्य झल्काउँछ। पुरुषहरू व्यवस्थापन, सजावट र घाटको तयारीमा सक्रिय रहन्छन्, जसले लैङ्गिक सहयोग र पारिवारिक सन्तुलन देखाउँछ।

**फेरिएको छठ पर्वको स्वरूप**

समयको परिवर्तनसँगै छठ पर्वको स्वरूप पनि विकसित हुँदै गएको छ। पहिले यो पर्व ग्रामीण सीमाभित्र मात्र सीमित थियो, तर अहिले सहरहरूमा पनि यसको भव्यता देखिन्छ। काठमाडौँ, भक्तपुर, ललितपुर, विराटनगर, जनकपुर, वीरगञ्जलगायत सहरमा हजारौँ श्रद्धालु नदी, पोखरी र कृत्रिम तालमा पूजा गर्न जम्मा हुन्छन्। स्थानीय सरकार, स्वयंसेवी संस्था र समुदायले सफाइ, सुरक्षा र प्रकाश व्यवस्थाको जिम्मा लिन्छन्, जसले नागरिक जिम्मेवारी र सहकार्यको भावना फैलाउँछ। छठ अब केवल धार्मिक उत्सव नभई सामाजिक उत्तरदायित्व र नागरिक चेतनाको प्रतीक बनेको छ। तर, आधुनिकतासँगै केही चुनौतीहरू पनि बढेका छन्। जलाशयको प्रदूषण, प्लास्टिकको अत्यधिक प्रयोग र कृत्रिम सामग्रीको प्रयोगले पर्वको पवित्रता घटाएको छ। प्राकृतिक बाँस, माटो, घिउ र कपासका वस्तुको प्रयोग घट्दै गएको छ, जसले वातावरणीय संकट निम्त्याउन सक्छ। त्यसैले छठ पर्वको मौलिकता जोगाउन वातावरणमैत्री अभ्यास गर्नुपर्छ-प्लास्टिकको प्रयोग घटाउने, जलाशय सफा राख्ने, र प्राकृतिक प्रसाद र सामग्री प्रयोग गर्ने।

छठपर्व महिलाको शक्ति, संयम र आत्मबलको प्रतीक हो। चार दिनसम्म निराहार रहँदा पनि महिलाहरूको श्रद्धा, धैर्य र समर्पण अटल रहन्छ। उनीहरूको अनुशासन, आत्मसंयम र आस्था अद्वितीय हुन्छ। यो पर्व केवल धार्मिक विधि होइन, आत्मबल र मानसिक स्थैर्यको परिक्षा हो। यसले महिलाको आध्यात्मिक शक्ति र मातृत्वको गरिमा उजागर गर्छ। त्यसैले छठलाई "स्त्रीशक्ति र श्रद्धाको सर्वोच्च अभिव्यक्ति", पनि भनिन्छ। यो पर्वमा पुरुष र महिला दुवैको समान सहभागिता देखिन्छ, जसले पारिवारिक समरसता बलियो बनाउँछ।

छठ पर्वले राष्ट्रिय एकता र सांस्कृतिक विविधताको समन्वय पनि प्रदर्शन गरेको छ। तराई क्षेत्रको मौलिक परम्परा अब देशव्यापी रूपमा फैलिएको छ। पहाडी र हिमाली क्षेत्रमा पनि सूर्यपूजाको महत्व बुझ्दै छठ मनाउने चलन बढ्दै गएको छ। यसले क्षेत्रीय भिन्नतालाई कम गर्दै साझा संस्कृतिको पहिचान स्थापित गरेको छ। तराईको गीत, रीतरिवाज र संस्कार काठमाडौँसहित अन्य भागमा फैलिँदा सांस्कृतिक आदानप्रदानको सुन्दर पुल बनेको छ। यसरी छठ पर्वले देशलाई भावनात्मक रूपमा एक सूत्रमा बाँध्ने माध्यम बनेको छ।

छठ पूजा केवल धार्मिक अनुष्ठान होइन, यो जीवन, प्रकृति र आत्माको समन्वयको दर्शन हो। सूर्यप्रति कृतज्ञता, आत्मशुद्धि र संयमकामाध्यमबाट मानिस प्रकृतिसँग पुनःजोडिन्छ। आधुनिक जीवनको भीडभाड र कृत्रिमताबीच छठपर्वले मानिसलाई आफ्नो मूल आत्मासँग, प्रकृतिसँग र आध्यात्मिक चेतनासँग पुनःएकाकार हुन प्रेरित गर्छ। यो पर्वले सन्देश दिन्छ, साँचो भक्ति बाह्य प्रदर्शनमा होइन, अन्तरिक पवित्रता, कृतज्ञता र आत्मसंयममा नीहित छ। जब लाखौँ मानिस सूर्यास्त र सूर्योदयका बेला नदी किनारमा उभिएर एकैस्वरमा प्राथना गर्छन्, त्यो क्षण मानवता, श्रद्धा र सामूहिक एकताको अद्भूत दृश्य हुन्छ। यसरी छठ पर्वले केवल सूर्यको पूजा मात्र होइन, जीवनप्रतिको सम्मान, प्रकृतिप्रतिको कृतज्ञता र आत्मिक शुद्धताको मार्ग पनि देखाउँछ। यही कारण, छठपर्व आज केवल एउटा धार्मिक उत्सव होइन, मानवीय सभ्यताको आध्यात्मिक उत्सव बनेको छ।

# विश्व समाचार

## भारत-चीनबीच पाँच वर्षपछि प्रत्यक्ष हवाई सेवा पुनः सुरु

कोलकाता, ९ कात्तिक (रासस/एएफपी)।

पाँच वर्षको अवरोधपछि भारत र चीनबीच आइतबार प्रत्यक्ष हवाई उडानहरू पुनः सुरु भएका छन्। यो कदम व्यापार र जनता-जनताबीचको सम्पर्कका दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिएको छ। यसले एसियाका दुई दिग्गज राष्ट्रबीच सम्बन्ध पुनर्निर्माणको प्रतीकात्मक सुरुआत गरेको छ। विश्वका सबैभन्दा धेरै जनसङ्ख्या भएका छिमेकी यी दुई देशबीच लामो समयदेखि रणनीतिक प्रतिस्पर्धा रहँदै आएको छ। सन् २०२० मा हिमाली सीमामा भएको घातक झडपपछि सम्बन्धमा आएको तिक्तता विस्तारै घट्दै गएको छ। भारत सरकारका अनुसार उडान पुनः सुरु हुनु 'जनता-जनताबीचको सम्पर्क सुदृढ गर्न' र 'द्विपक्षीय आदानप्रदानलाई सामान्यिकरणतर्फ लैजान' सहयोगी हुनेछ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा ५० प्रतिशत करको सजाय लगाइएपछि वासिङ्टनसँगको व्यापारिक सम्बन्धमा तनाव झेलिरहेको भारतको बेइजिङसँगको सम्बन्ध पछिल्ला महिनाहरूमा न्यानो भएको देखिएको छ। ट्रम्पका सहयोगीहरूले भारतले मस्कोबाट तेल खरिद गरेर रुसको युक्रेन युद्धलाई परोक्ष रूपमा समर्थन गरेको आरोप लगाएका थिए। भारतको सबैभन्दा ठूलो विमान सेवा प्रदायक इन्डिगो एयरलाइन्सले चीनका लागि पहिलो दैनिक प्रत्यक्ष उडान सञ्चालन गरेको छ। कोलकाताबाट आइतबार बिहान १० बजे (१६:३० जिएमटी) ग्वाङ्झाउका लागि पहिलो उडान प्रस्थान गरेको थियो। राजधानी नयाँदिल्लीबाट साङ्घाई र ग्वाङ्झाउतर्फका थप सेवाहरू नोभेम्बरदेखि सुरु हुने तयारीमा छन्। "प्रत्यक्ष हवाई सम्पर्कले लजिस्टिक लागत र ट्रान्जिट समय घटाउनेछ", कोलकातास्थित इन्डियन चेम्बर अफ कमर्सका प्रमुख राजीव सिंहले भन्नुभयो, "यसले व्यापारिक समुदायलाई ठूलो फाइदा पुर्‍याउनेछ।"

कोलकाता सहरको चीनसँग ऐतिहासिक सम्बन्ध छ, जुन ब्रिटिश शासनकालदेखि नै सुरु भएको हो, जतिबेला चिनियाँ आप्रवासीहरू व्यापारीका रूपमा यहाँ आएका थिए। सहरको प्रसिद्ध 'इन्डो-चिनियाँ फ्युजन' परिकार त्यही सम्पर्कको स्वादिलो प्रतीक बनेको छ। "हामीजस्ता चीनमा आफन्त भएका मानिसहरूका लागि यो हर्षको समाचार हो", कोलकाताको चिनटाउन क्षेत्रमा रहेको नागरिक समाजका नेता चेन खोइ कुईले भन्नुभयो, "हवाई सम्पर्कले व्यापार, पर्यटन र सांस्कृतिक आदानप्रदान दुवैलाई सुदृढ पार्नेछ।"

भारत र चीनबीच व्यापारिक असन्तुलन अझै ठूलो छ। भारतले चिनियाँ कच्चा मालमा ठूलो निर्भरता राखेको छ, जसले औद्योगिक उत्पादन र निर्यात वृद्धिलाई असर गरेको छ। गत वर्ष रुस तथा यस वर्ष अगस्टमा चीनमा भएका उच्चस्तरीय बैठकहरूले दुई देशबीच मेलमिलापको वातावरण सिर्जना गरेको बताइन्छ। भारतको वाणिज्य मन्त्रालयका अनुसार गत महिना चीनबाट आयात ११ अर्ब डलरभन्दा बढी पुगेको छ। यो गत वर्षको तुलनामा १६ प्रतिशत वृद्धि हो। त्यही अवधिमा भारतबाट चीनमा निर्यात एक अर्ब ४७ करोड डलर पुगेको छ। यसमा वार्षिक रूपमा करिब ३४ प्रतिशत वृद्धिदर देखिएको छ।

कोभिड-१९ महामारीका समयमा दुई देशबीचका करिब ५०० मासिक प्रत्यक्ष उडानहरू स्थगित भएका थिए। सन् २०२० मा भएको सीमा झडपमा २० जना भारतीय र चार जना चिनियाँ सैनिकको मृत्यु भएपछि सम्बन्ध अझै बिग्रिएको थियो। त्यसपश्चात् भारतले चिनियाँ लगानी र प्राविधिक पहुँचमा प्रतिबन्ध लगाउँदै टिकटकसहित सयौँ एप प्रतिबन्धित गरेको थियो। यद्यपि पछिल्ला महिनामा सम्बन्धमा सुधारका सङ्केत देखिएका छन्। यस महिना दुवै देशका सैनिकहरूले हिन्दू पर्व दशैँ-तिहार (दीपावली) को अवसरमा मिठाइ आदानप्रदान गर्दै 'सद्भावको प्रतीक' प्रदर्शन गरेको भारतस्थित चिनियाँ दूतावासका प्रवक्ता यु जिङले बताउनुभयो। "बेइजिङसँग सम्बन्ध सुधार गर्नु वासिङ्टनलाई उपयुक्त सन्देश पठाउने कूटनीतिक सङ्केत हो", भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच अगस्टमा भएको भेटपछिको सम्पादकीयमा द इन्डियन एक्सप्रेसले लेखेको थियो, "तर, सामान्यीकरणको बाटो अझै लामो छ। बढ्दो दृढ चीनलाई व्यवस्थापन गर्नु भारतको दीर्घकालीन चुनौती बनेको छ।" "ट्रम्पका अनिश्चित कूटनीतिक नीतिहरूका बाबजुद पनि यी आधारभूत वास्तविकताहरू अपरिवर्तित रहन्छन्", सम्पादकीयमा भनिएको थियो।

## ट्रम्पको उपस्थितिमा थाइल्यान्ड-कम्बोडिया युद्धविराम सम्झौतामा हस्ताक्षर

क्वालालम्पुर, ९ कात्तिक (रासस/एपी)।

थाइल्यान्ड र कम्बोडियाले आइतबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको उपस्थितिमा विस्तारित युद्धविराम सम्झौतामा हस्ताक्षर गरेका छन्। अमेरिकी आर्थिक दबावको चेतावनीपछि दुवै मुलुक यस वर्षको सुरुआतमा सीमामा भएको झडप रोक्न बाध्य भएका थिए। सम्झौता अनुसार थाइल्यान्डले कम्बोडियाका कैदीहरूलाई मुक्त गर्नेछ भने कम्बोडियाले पहिलो चरणमै आफ्ना भारी तोपखाना फिर्ता लैजान सुरु गर्नेछ। क्षेत्रीय पर्यवेक्षकहरूले स्थायीत्वको सुनिश्चितताका लागि सीमा क्षेत्रको निगरानी गर्नेछन्। राष्ट्रपति ट्रम्पले कार्यक्रममा सम्बोधन गर्दै भन्नुभयो, "हामीले त्यो कार्य सम्पन्न गरेका छौँ, जुन धेरैले गर्न सक्दैनन्।"

कम्बोडियाका प्रधानमन्त्री हुन मानेटले यो सम्झौतालाई 'ऐतिहासिक दिन' भन्दै स्वागत गर्नुभयो भने थाइल्यान्डका प्रधानमन्त्री अनुतिन चार्नविराकुलले यसले 'स्थायी शान्तिका लागि आधार निर्माण गरेको' प्रतिक्रिया दिनुभयो। क्वालालम्पुरमा आयोजना गरिएको दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्घ (आसियान) को वार्षिक शिखर सम्मेलनमा आइपुगेपछि राष्ट्रपति ट्रम्पको यो पहिलो औपचारिक कार्यक्रम थियो।

जापान र दक्षिण कोरियाको भ्रमणका साथै चिनियाँ राष्ट्रपति सी जिनपिङसँगको सम्भावित भेटसमेत समावेश यस भ्रमणले ट्रम्पलाई 'अन्तर्राष्ट्रिय सम्झौता निर्माताको छवि' बलियो पार्ने अवसर दिएको छ।

ट्रम्प मलेसियाको राजधानीमा ०२:०० जिएमटी तिर आइपुग्नुभयो। उहाँले स्थानीय कलाकारहरूसँग आफ्नो प्रसिद्ध अभियान शैलीमा नृत्य प्रदर्शन गर्नुभयो र अमेरिकी तथा मलेसियाली झण्डा एकसाथ फहराउनुभयो। भोलिपल्ट उहाँले मलेसियासँग व्यापार र महत्त्वपूर्ण खनिजसम्बन्धी सम्झौताहरूमा हस्ताक्षर गर्ने अपेक्षा गरिएको छ।

# लागुऔषध गाँजासहित विमानस्थलबाट तीन भारतीय पक्राउ

काठमाडौं, ९ कात्तिक (रासस)।

लागुऔषध गाँजा जस्तो देखिने वस्तुसहित तीन भारतीयलाई प्रहरीले पक्राउ गरेको छ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट करिब सात किलो २९५ ग्रामसहित पक्राउ परेका तीन जनालाई प्रहरीले शनिबार सार्वजनिक गरेको छ। पक्राउ पर्नेमा २५ वर्षीय हरगोबिन्द सिह, १९ वर्षीय समिर र २७ वर्षीय फिरोज अहमद सम्पद रहेका केन्द्रिय प्रहरी प्रवक्ता एवं प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले जानकारी दिनुभयो। विमानस्थलको भन्सार क्षेत्रबाट उनीहरूलाई शुक्रबार दिउँसो पक्राउ गरी शनिबार सार्वजनिक गरिएको उहाँले बताउनुभयो।

एयर एसियाको उडानद्वारा बैङ्ककबाट काठमाडौं आएका हरगोबिन्द र समिरलाई तीन किलो ५४० ग्राम तथा इन्डिगो एयरको उडानद्वारा मुम्बईबाट काठमाडौं आएका सम्पदलाई तीन किलो ६५५ ग्राम उक्त वस्तुसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेकालाई आवश्यक अनुसन्धान एवं कारबाहीको लागि लागुऔषध नियन्त्रण ब्यूरो पठाइएको प्रवक्ता घिमिले बताउनुभयो।

# तोडफोड र आगजनीमा संलग्नलाई सार्वजनिक गर्नुपर्ने माग

काठमाडौं, ९ कात्तिक (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का युवानेताहरूले गत भदौ २३ र २४ गतेको जेनजी प्रदर्शनका क्रममा तोडफोड र आगजनीमा संलग्न व्यक्तिलाई पक्राउ गरी सार्वजनिक गर्न सरकारसँग माग गरेका छन्।

एमाले केन्द्रीय सदस्य तथा निवर्तमान मन्त्री भगवती न्यौपाने, पोलिटब्यूरो सदस्य शान्ता चौधरी, केन्द्रीय सदस्यहरू पार्वती रावल, अइन्द्रसुन्दर नेम्वाङ, गोविन्द थापा र एमाले शिक्षा विभाग सदस्य डा सुन्दरी पोखरेलले शनिबार संयुक्त रूपमा विज्ञप्ति जारी गरी उक्त प्रदर्शनमा संलग्नमध्ये हालसम्म पक्राउ परेका र हालसम्म मुद्दा दायर गरिएकाको विवरण सार्वजनिक गर्न सरकारसँग माग गरेका हुन्।

लुटेका हातहतियार र गोलीगठ्ठा कति सङ्ख्यामा बरामद गरिन्छन्, सोको विवरणसहित सरकारी तथा निजी घरमा आगजनी गर्ने, लुटपाट गर्ने व्यक्तिलाई सार्वजनिक गर्नुपर्ने नेताहरूले माग गरेका छन्। विज्ञप्तिमा भनिएको छ, "प्रदर्शनमा अशान्ति फैलाउने, सार्वजनिक तथा निजी सम्पत्ति तोडफोड तथा आगजनी गर्ने विभिन्न व्यक्तिलाई पक्राउ गरिएको तथा निजहरूविरुद्ध मुद्दा चलाइएको बारे सम्पूर्ण विवरण दैनिक सार्वजनिक गर्नुहोस्।"

# आगलागीका घटनामा वृद्धि, सावधानी अपनाउन आग्रह

**दैनिक समाचारदाता**
**काठमाडौं, ९ कात्तिक।**

एकैदिन देशभर १४ आगलागीका घटना भएका छन्। पूर्वसावधानी तथा चेतना अभावमा देशव्यापी रूपमा आगलागीका घटनामा वृद्धि भएको तथ्याङ्क राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ।

प्राधिकरणका अनुसार पाँचथर, सुनसरी, सप्तरी, धनुषा, महोत्तरी, रौतहट, दोलखा, ललितपुर, नवलपुरपूर्व, रोल्पा, गुल्मी, रुकुमपश्चिम, कञ्चनपुर र दार्चुलामा एकैदिन अर्थात् कात्तिक ७ गते आगलागीका घटना घटेका छन्। अधिकांश आगलागीका घटना असावधानीका कारण घटेको देखिन्छ।

प्राधिकरणका अनुसार कात्तिक ६ गते पनि १३ आगलागीका घटना भएका थिए। झापा, इलाम, सुनसरी, सङ्खुवासभा, धनुषा, महोत्तरी, सर्लाही, कैलाली, कालिकोट र पर्सामा दुई आगलागीका घटना घटेका थिए। यस्तै पाल्पामा तीन आगलागीका घटना घटेका थिए। कात्तिक ५ गते १७ आगलागीका घटना घटेका थिए। प्राधिकरणको उपलब्ध गराएको तीन दिनको विवरणमा अधिकांश विपद्का घटनामा आगलागी देखिएको छ। मनसुन सकिएर वर्षा हुन छाडेपछि देशव्यापी रूपमा आगलागीका घटनामा वृद्धि भएको देखिएको छ। आगलागीबाट जोगिनका लागि विशेष सावधानी अपनाउनसमेत प्राधिकरणले आग्रह गरेको छ।

कात्तिक ७ गते देशभर कुल १८ विपद्का घटना घटेका थिए। ती घटनामा परेर ६ जना घाइते भएका छन्। ती घटनामा परेर रु ७७ लाख ९१ हजारबराबरको अनुमानित क्षति भएको छ। यस्तै, सर्पदंशका दुई, पहिरो एक र चटयाङ, जनावर आक्रमणका एकएक घटना घटेका थिए।


मंगलमय शुभकामना

२०८२ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।





विश्वनाथ मण्डल
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी



मंगलमय शुभकामना

२०८२ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।





सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार



मंगलमय शुभकामना

२०८२ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।





शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार



भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*